१३. नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५७ अनुसार के-कस्तो अवस्थामा प्राधिकरणको महानिर्देशकले पूरक बजेट पेश गर्न सक्ने प्रावधान रहेको छ? उल्लेख गर्नुहोस् । ५

१४. नेपाल नागरिक उड्डयन प्राधिकरणको विमानस्थल सुरक्षा व्यवस्थाका लागि गठन हुने राष्ट्रिय सुरक्षा समितिमा कुन-कुन मन्त्रालयका सचिवले प्रतिनिधित्व गर्ने व्यवस्था छ? उल्लेख गर्नुहोस् । ५

१५. हवाई नीति, २०६३ का प्रमुख विशेषताहरू लेख्नुहोस् । ५

१६. पर्यटन नीति, २०६५ का उद्देश्यहरू उल्लेख गर्दै यो नीति कार्यान्वयनमा देखिंएका समस्याहरू लेख्नुहोस् । २.५+२.५=५

१७. अन्तर्राष्ट्रिय हवाई यातायात संघ (IATA) को परिचय दिँदै यसका प्रमुख कार्यहरू लेख्नुहोस् । २+३=५

१८. नेपाल नागरिक उड्डयन प्राधिकरणको सुदृढीकरणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हालसम्म खेलेको भूमिकाको चर्चा गर्दै आगामी दिनमा मन्त्रालयले के-कस्तो भूमिका निर्वाह गर्नुपर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । ५+५=१०

:: समाप्त ::

# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२०

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

### विषय: सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. जनसम्पर्क भनेको के हो? कार्यालयले प्रवाह गर्ने सेवाको गुणस्तर बढाउन जनसम्पर्कको भूमिकाबारे चर्चा गर्नुहोस् । २+३=५

२. कर्मचारी प्रशासनमा अभिलेख व्यवस्थापन किन आवश्यक छ? असल अभिलेख व्यवस्थापनका तत्वहरू छोटकरीमा उल्लेख गर्नुहोस् । २+३=५

३. संगठन भनेको के हो? संगठन गठनका आधारहरू के-के हुन्? चर्चा गर्नुहोस् । २+३=५

४. समूह गतिशिलता (Group Dynamics) को परिभाषा दिंदै यसका चरणहरू उल्लेख गर्नुहोस् ।२+३=५

५. हेनरी फेयोल (Henry Fayol) ले प्रतिपादन गरेका व्यवस्थापनका सिद्धान्तहरूबारे चर्चा गर्नुहोस् । ५

६. सञ्चार प्रकृयामा आइपर्ने अवरोधका कारण र सृजना हुन सक्ने परिणाममाथि प्रकाश पार्नुहोस् । ५

७. आर्थिक प्रशासनको क्षेत्र र यसका प्रमुख कार्यहरू लेख्नुहोस् । १.५+३.५=५

८. शून्यमा आधारित बजेट (Zero Based Budget) को अवधारणा प्रस्तुत गर्नुहोस् । यसका फाइदा र बेफाइदाहरूको सूची बनाउनुहोस् । २+१.५+१.५=५

९. व्यवस्थापनका चुनौतीहरू समाधान गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले कस्तो व्यवस्थापन सूचना प्रणालीको विकास गर्नुपर्ला? चर्चा गर्नुहोस् । १०

### खण्ड "ख" — ५० अङ्क

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम प्राधिकरणको सञ्चालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । ५

११. नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन नियमावली, २०५८ बमोजिम महानिर्देशकले जारी गर्ने व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रहरूमध्ये कुनै ५ वटाको नाम उल्लेख गर्नुहोस् । ५

१२. नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीले पालना गर्नुपर्ने अनुशासन र आज्ञापालनबारे लेख्नुहोस् । ५

क्रमशः